सशस्त्र प्रहरी बल नेपाल
www.apf.gov.np
SAMARPAN
समर्पण
ए.पी.एफ. मासिक
बर्ष ३ | अङ्क ३ | पूर्णाङ्क २७ | पृष्ठ ८ | पुस २०८१

# माघ ९ गते २४औं सशस्त्र प्रहरी दिवस- 'त्याग, बलिदान र वीरताको इतिहास, निष्ठा र गौरवको वर्तमान'







**देवराज अर्याल/शैलेन्द्र थापा**

तत्कालिन विषम् परिस्थितीमा स्थापना भएको सशस्त्र प्रहरी बल, नेपालले यही माघ ९ गते २४औं वार्षिकोत्सव मनाउँदै छ। २०औं शताब्दीको अन्त्यतिर (९० को दशकमा) विश्वव्यापी रुपमा विकसित भएको सुरक्षा चुनौती जुन द्विदेशीय द्वन्द्वबाट विश्व आन्तरिक द्वन्द्वतर्फ उन्मुख हुँदै गएको अवस्थामा नेपालमा समेत त्यस्तै प्रकृतिको आन्तरिक द्वन्द्व चलिरहेको अवस्थालाई दृष्टिगत गरी तत्कालिन समयको सुरक्षा चुनौतीलाई सामना गर्न सक्ने सुरक्षा फौजको आवश्यकता महसुस भएको कारण २०५७ साल माघ ९ गते 'सशस्त्र प्रहरी अध्यादेश २०५७' जारी भयो।

तत्पश्चात २४औं बर्षसम्म आईपुग्दा संगठनले विभिन्न अप्ठ्यारो परिस्थितिहरुमा समेत उच्च व्यावसायिकताका साथ आफूलाई अब्बल प्रमाणित गर्दै आईरहेको छ। सीमा सुरक्षा जस्तो संवेदनशील जिम्मेवारी होस् वा विपद् जोखिम न्यूनिकरण, राजस्व संकलनमा सहयोग तथा आन्तरिक सुरक्षा जस्ता चुनौतीपूर्ण विशिष्टिकृत जिम्मेवारीहरुमा संगठनले सदैव आफूलाई अब्बल प्रमाणित गर्दै आईरहेको छ। अध्यादेश जारी भएको दिनलाई केही वर्ष यतादेखि नै संगठनले वार्षिकोत्सवको रुपमा मनाउँदै आएको छ। त्यसअघि बगलामुखी निशान भगवती प्राप्त भएको दिनलाई आधार मानेर कार्तिक ७ गते वार्षिकोत्सव मनाउने गरिएको थियो। तत्कालिन सुरक्षा चुनौतीको सामना गर्न गठन भएको सशस्त्र प्रहरी बलको त्याग, बलिदान र वीरताको इतिहास छ भने निष्ठा र गौरवमय वर्तमानमा संगठनले २४औं वसन्त पार गरेको छ।

"मुलुकको विषम् परिस्थितिको समयमा स्थापना भएको सशस्त्र प्रहरी बलले आफूलाई प्राप्त जिम्मेवारीहरु दृढतापूर्वक पूरा गर्दै आएको छ। स्थापनाकालदेखि आजसम्मको बाटो तय गर्ने क्रममा सशस्त्र प्रहरी बलले देखाएको साहस तथा व्यावसायिकता र कार्यक्षेत्रप्रतिको समर्पणले यस संगठन एउटा विश्वासिलो सुरक्षा निकायको रुपमा स्थापित भएको छ। संगठनले स्थापनाको औचित्य पुष्टि गर्दै अबबल सुरक्षा निकायको रुपमा आफ्नो स्थान कायम गर्न सफल भएको छ।"-**सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली (१५औं सशस्त्र प्रहरी दिवस २०७२ को अवसरमा)**



संस्थापक सशस्त्र प्रहरी महानिरीक्षकले रगत बगाएको संगठन हो सशस्त्र प्रहरी बल। जसले झुक्न कहिल्यै जानेन भने आईपरेका सबै चुनौतीलाई सकल दर्जाले प्राणको बाजी लगाएर पनि पुरा गर्दै आए जसको ज्वलन्त उदाहरण द्वन्द्वको समयमा वीरगती प्राप्त गरेका ३ सय १९ जना अमर सशस्त्र प्रहरीको बलिदानी साक्षी छ। जसले आफ्नो ज्यानको समेत प्रवाह नगरी अविचलित रुपमा देश र जनताको लागि युद्ध मैदानमा प्राणोत्सर्ग गरे। लडी लडी मरेका र मरी मरी लडेका अमर सशस्त्र प्रहरीको रगतको जगमा चट्टानसरी उभिएको सशस्त्र प्रहरी बलको वीरताको इतिहासले बर्तमान र भावि पुस्तालाई समेत गौरवताकासाथ कर्तव्य पथमा अघि बढिरहने उर्जा प्राप्त भएको छ। संगठन स्थापना कालदेखिको सुरक्षा, राजश्व संकलन होस् वा राजमार्ग सुरक्षा, औद्योगिक सुरक्षा, हुलदंगा व्यवस्थापन कार्यमा संगठनले गरेका कार्य आम जनता सामु छर्लङ्गै छ। पछिल्लो समय BIRD (Border Security, Internal Security, Revenue Support, Disaster Management) मार्फत आफ्ना म्याण्डेटलाई प्राथमिकतामा राखेको छ। सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम मार्फत सीमावासी आम जनसमुदायसँग हातेमालो गर्दै अघि बढ्ने कार्यमा समेत संगठनले सहकार्य गरिरहेको छ। विगत वीरता र बलिदानीले अविचलित संगठन आज आफ्नो निष्ठा र गौरवपूर्ण वर्तमानमा राज्यले सुम्पिएका हरेक कार्यलाई सिमित श्रोतसाधन र जनशक्तिका वावजुद किन्चित विचलित नभई अघि बढिरहेको छ।




"अग्रजले रगत बगाएको संगठन हो सशस्त्र प्रहरी बल, वर्दीमा दाग लगाउने अधिकार कसैलाई छैन"
**-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल**



कर्तव्यप्रतिको प्रतिवद्धताले नै आज सशस्त्र प्रहरी बलको उपस्थिती मुलुकका ७७ वटै जिल्लामा तिंकरदेखि ओलांचुङ्गोलासम्मका हिमाली काखमा हिउँसँगै पैठोजोरी खेल्दै र राष्ट्रिय झण्डा फहराउँदै अनि केचनादेखि खल्लामछेट्टीसम्म सीमा पिल्लरको रुपमा २४सै घण्टा सीमा रक्षार्थ तैनाथ छ। सीमा मात्र कहाँ हो र गोक्यो तालको हिउँ बराबर चिसो पानीबाट होस् वा त्रिशुलीको भेल, सेतीको खोँचदेखि महाकालीको छालसम्म सशस्त्र प्रहरीका उद्धारकहरुले प्राणको बाजी लगाएर पाए सास नपाए लाससम्म भएपनि उद्धार गर्न सफल भएका छन्। भिआईपीसँगै महत्वपूर्ण प्रतिष्ठान



संगठन स्थापनाको आरम्भमा नै नेपाल अधिराज्यमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण खातिर वफादार, कर्तव्यपरायण एवं साहसिक बनि मूलुकको विभिन्न भू-भागमा अहोरात्र तैनाथ रही प्राणोत्सर्ग गर्ने हाम्रा वीर अमर सशस्त्र प्रहरीहरु प्रति संगठनको तर्फबाट हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। साथै आफ्नो सम्पूर्ण इच्छा आकांक्षालाई थातीराखि देशका लागि जीवन आहुती गर्ने नेपाल आमाकी वीर सपुतहरुको त्यागको बीरगाथाले राज्य र संगठनलाई ऋणी बनाएको छ। तिनै अमर सपुतका आदरणीय गौरवशाली परिवारजनमा संगठनको तर्फबाट उच्च सम्मान अभिव्यक्त गर्दै हार्दिक समवेदना अर्पण गर्दछु र बहादुर अमर प्रहरीले कर्तव्यको बलीवेदीमा खेलेको भूमिका सदा सर्वदा अविस्मरणीय रहीरहने छ। ती अतुलनीय त्याग र बलिदानलाई खेरजान नदिने तर्फ यस बलका समस्त राष्ट्रसेवकहरुले आ-आफ्नो हैसियत र स्थानबाट समर्पित रहने छन् भन्ने कुरामा संगठन प्रमुखको हैसियतले म विश्वस्त रहेको छु। **(सशस्त्र प्रहरी दिवस २०५९ को अवसरमा शुभकामना दिनुहुँदै प्रथम सशस्त्र प्रहरी महानिरीक्षक स्व.कृष्णमोहन श्रेष्ठ)**

## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्न,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,
७. नेपालको सीमा सुरक्षा गर्न,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्न,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्न।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद ३, दफा (६) को उपदफा (१)।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्न।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्न।



पुस १० गते नेपाल एपीएफ अस्पताल बलम्बुको अवलोकन तथा निरीक्षण गर्नुहुँदै माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल ।

## प्राविधिक सिनियर तथा जुनियर अधिकृत आधारभूत तालिम सम्पन्न




सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा पुस १६ गते राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सञ्चालित सि.सं. १ प्राविधिक सशस्त्र प्रहरी सिनियर तथा जुनियर अधिकृत आधारभूत तालिम सम्पन्न भएको छ ।

महानिरीक्षक अर्यालले तालिममा सर्वप्रथम भएका प्राविधिक सशस्त्र प्रहरी निरीक्षक डा. निर्मल वि.क.लाई खुकुरी प्रदान गर्नुका साथै शारीरिक सहिष्णुता र चाँदमारीतर्फ उत्कृष्ट प्रशिक्षार्थीहरूलाई समेत पुरस्कार प्रदान गर्नुभयो ।

उहाँले देश र जनताको सेवा, सुरक्षामा कटिबद्ध भई लाग्ने अभिप्रायले संगठनमा प्रवेश गरी दीक्षित भई कार्यक्षेत्रमा जान लाग्नुभएका अधिकृतहरूलाई हार्दिक बधाई दिनुहुँदै कार्यक्षेत्रमा सफलताको शुभकामनासमेत व्यक्त गर्नुभयो ।

दीक्षित अधिकृतहरूलाई सशस्त्र प्रहरी बल नेपालसम्बन्धी आधारभूत ज्ञान हासिल गराई संगठनको कार्यक्षेत्र तथा कार्यशैली, फौजी आचरण, अनुशासन तथा सीपमा निपुण भई संगठनको हरेक क्रियाकलापमा नेतृत्वदायी भूमिका प्रदान गर्न तालिम अपरिहार्य रहेको चर्चा गर्नुहुँदै महानिरीक्षक अर्यालले भन्नुभयो, 'कार्यक्षेत्रमा Professional Ethics लाई सदैव हृदयमा राखेर कार्यसम्पादन गर्न म Ethical कसरी हुन सक्छु ? Ethical Leadership को गुण कस्तो हुन्छ ? भन्ने कुरा हरेक क्षण मन मस्तिष्कमा हुनुपर्दछ ।'

महानिरीक्षक अर्यालले देश र नागरिकको सेवा र सुरक्षामा आफूलाई समर्पित गर्छु भनी शपथ लिएर जनताको सेवामा परिचालित हुने अवसर जो कोहीले नपाउने उल्लेख गर्नुहुँदै दीक्षित भई कार्यक्षेत्रमा जान लाग्नुभएका अधिकृतहरूका लागि चुनौती र अवसर दुवै रहेको साथै आफू र आफन्तहरूले पनि गौरव महसुस गर्ने गरी देश र जनताको सेवामा उत्कृष्ट ढंगमा परिचालित हुन निर्देशन दिनुभयो ।

उहाँले सशस्त्र प्रहरी बल नेपाल राज्यको एक सुरक्षा निकायको रूपमा आफ्नो कार्यसम्पादन गर्दै आइरहेको बताउनुहुँदै राज्यले सुम्पेको जिम्मेवारीहरू सशस्त्र संघर्ष नियन्त्रण, पृथकतावादी गतिविधि नियन्त्रण, आतंककारी गतिविधि नियन्त्रण, सीमा सुरक्षा, हुल तथा दंगा व्यवस्थापन, विपद् व्यवस्थापन, महत्वपूर्ण व्यक्ति तथा प्रतिष्ठानको सुरक्षा, राजश्व तथा भन्सार सुरक्षा, औद्योगिक सुरक्षा, रेल्वे सुरक्षालगायतका कार्यादेश प्राप्त गरी देशको ७७ वटै जिल्लामा परिचालित रहेको र हालका दिनमा बदलिँदो सुरक्षा चुनौतीहरूको सामना गर्न र समयसापेक्ष रूपमा परिमार्जन गर्दै प्राप्त जिम्मेवारीहरूलाई BIRD Concept (Border Security, Internal Security, Revenue Support, Disaster Managenment) मा प्राथमिकीकरणका साथ कार्यसम्पादन गर्दै आइरहेको बताउनुभयो ।

## समन्वयात्मक बैठक सम्पन्न



सशस्त्र प्रहरी बल, नेपाल र भारतीय सशस्त्र सीमा बल (SSB) बीच नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीमा पुस १२ गते DIG Level Counterparts Co-ordination Meeting सम्पन्न भएको छ ।

नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालीदास धौवजी र भारतीय सशस्त्र सीमा बल (SSB) सेक्टर हेडक्वार्टर मुजफ्फरपुरका सेक्टर कमाण्डर DIG Dipak Kumar, IPS को नेतृत्वको टोली बीच समन्वयात्मक बैठक सम्पन्न भएको हो ।

कार्यक्रममा भारतीय सशस्त्र सीमा बल (SSB) सेक्टर हेडक्वार्टर Purnea का सेक्टर कमाण्डर DIG Rajesh Tikku, सेक्टर हेडक्वार्टर Bettiah का सेक्टर कमाण्डर DIG S. Subramaniam र नं. २ छिन्नमस्ता बाहिनीका सहायक बाहिनीपति सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक सूर्यबहादुर सेन ओलीलगायत मातहतका गणपतिहरु लगायतका अधिकृतहरु र भारतीय सशस्त्र सीमा बल (SSB) का कमाण्डेन्टहरुको उपस्थिति रहेको थियो ।

## नेपाल पूर्व सशस्त्र प्रहरी संघको १७औं साधारणसभा तथा छैठौं केन्द्रीय अधिवेशन समुद्घाटन




सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक स्वयम्भूमा पुस १९ गते सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नेपाल पूर्व सशस्त्र प्रहरी संघको १७औं साधारणसभा तथा छैठौं केन्द्रीय अधिवेशनको पानसमा दीप प्रज्वलन गरी समुद्घाटन गर्नुभएको छ ।

सोही अवसरमा महानिरीक्षक अर्यालले आजीवन सदस्यता प्राप्त गरेका संघका पूर्व सल्लाहकार तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू, विपद् प्रकोप उद्धार कार्यमा खटिदा घाइते भई उपचारको क्रममा स्वर्गारोहण भएका सशस्त्र प्रहरीका परिवारजन, भवन निर्माण कार्यमा आर्थिक तथा प्रदेश तहमा उपचार तथा राहत अक्षयकोष स्थापनामा सहयोग पुर्‍याउनुहुने र नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई विशेष योगदान दिनुहुने महानुभावहरूलाई सम्मान तथा कदरपत्र प्रदान गर्नुभएको थियो ।

महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी बल नेपालमा सेवारत रही जीवनका उर्वर कालखण्डहरू मातृभूमिको सेवा र सुरक्षामा व्यतित गरी अवकाश हुनुभएका सशस्त्र प्रहरी कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्नुहुँदै सेवाकालमा प्राप्त अनुभव, शिक्षा र सीपलाई संगठनको हित, पहिचान तथा प्रवर्द्धनमा संघ तथा पदाधिकारी एवं सदस्यहरूले पुर्‍याएको योगदान प्रशंसनीय रहेको बताउनुभयो ।

उहाँले सकारात्मक भावनासहित बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू सामूहिक रूपमा एकजुट भई अगाडि बढी कार्य गर्न सकियो भने संगठन तथा संघको लक्ष्य प्राप्ति गर्न सकिने बताउनुहुँदै अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूको हितका लागि आगामी दिनहरूमा समेत संगठनले नयाँ योजनाहरू कार्यान्वयन गर्ने लक्ष्य लिएको बताउनुभयो ।

महानिरीक्षक अर्यालले अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूको योग्यता, क्षमता तथा दक्षताअनुसार विभिन्न विषयहरूमा विज्ञता भएका व्यक्तित्वहरूको समूह बनाई कार्य गर्न सकिएमा संगठनको विकास र विस्तारमा सहयोग पुग्ने उल्लेख गर्नुहुँदै संगठन आजको यस अवस्थासम्म आइपुग्नुमा समेत पूर्व अग्रज तथा अवकाशप्राप्त कर्मचारीहरूको योगदान उत्तिकै रहेको तथा आगामी दिनमा समेत उहाँहरूको साथ र सहयोग निरन्तर रहिरहने विश्वास व्यक्त गर्नुभयो ।

संघका अध्यक्ष सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रविराज थापाले धन्यवाद ज्ञापन गर्नुहुँदै पूर्व राष्ट्रसेवक संगठन र राष्ट्रिय परिषद् नेपालको योजना तथा विकासका कार्यक्रमहरूमा पूर्व सशस्त्र प्रहरी संघले समेत सक्रिय सहभागिता तथा योगदान दिँदै आइरहेको बताउनुभयो ।

कार्यक्रममा अवकाशप्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणबाबु थापाले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै देश विदेशमा छरिएर रहेका अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू एकजुट भई संगठनलाई आवश्यक परेको समयमा सेवारत रहँदाका अनुभवहरूलाई समेटी थप जनशक्तिको रूपमा कार्य गर्न तत्पर रहनु पर्ने बताउनुभयो ।

कार्यक्रममा संघका महासचिव अवकाशप्राप्त सशस्त्र प्रहरी उपरीक्षक कविराज श्रेष्ठले सशस्त्र प्रहरी .संघको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै कानुन तथा परामर्श समितिका संयोजक अवकाशप्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक सुबोधकुमार अधिकारीले आगामी वर्षको रणनीतिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो । साथै प्रदेश तथा जिल्ला समितिको तर्फबाट प्रस्तुति तथा समसामयिक विषयमा छलफलसमेत गरिएको थियो ।

## नि:शुल्क स्वास्थ्य शिविर तथा कपडा वितरण



पुस २६ गते नुवाकोट जिल्लाको ककनी गाउँपालिका-२ स्थित काउलेमा सशस्त्र प्रहरी परिवार महिला संघ र सोही गाउँपालिकाको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्नुकोसाथै गणेश आधारभूत विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ ।

## पोशाक तथा दिवा खाजा वितरण



२४औं सशस्त्र प्रहरी दिवस २०८१ को अवसरमा सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-७ कोठे स्थित श्री जाल्पा माध्यमिक विद्यालयमा अध्ययनरत ५० जना विद्यार्थीहरुलाई ट्र्याक सुट, टि-सर्ट तथा दिवा खाजा वितरण गरिएको छ ।

सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने आर्यालको प्रमुख आतिथ्यमा पुस २१ गते सम्पन्न भएको उक्त कार्यक्रममा गणेशमान सिंह स्मृति बहुप्राविधिक शिक्षालयका प्रमुख, सोही गाउँपालिकाका वडाअध्यक्ष, महिला संघका पदाधिकारीहरु तथा स्थानीय भद्रभलाद्मीहरुको उपस्थिती रहेको थियो ।

## ग्रासरुट फुटबल प्रशिक्षण सञ्चालन



प्रधान कार्यालय स्वयम्भू हलचोकमा पहिलो पटक 'ग्रासरुट फुटबल प्रशिक्षण-२०८१' सञ्चालन भएको छ । उक्त प्रशिक्षणको सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले पुस १३ गते ग्रासरुट फुटबलका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी नायव उपरीक्षक जिवेश पाण्डेलाई फुटबल हस्तान्तरण गरी उद्घाटन गर्नुभएको हो ।

महानिरीक्षक अर्यालले ६ देखि १५ वर्षसम्मका बालबालिकाहरूलाई समेटी अनुभवी प्रशिक्षकद्वारा प्रशिक्षण गराई दक्ष एवं अनुशासित खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ सञ्चालन गर्न लागिएको ग्रासरुट फुटबल प्रशिक्षण-२०८१ सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्नुभयो । उहाँले बालबालिकाहरूलाई फुटबल खेल्ने अवसर प्रदान गरी सहभागिता गराउन तथा भविष्यमा समेत उत्कृष्ट खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको ग्रासरुट फुटबल प्रशिक्षणले बालबालिकाहरूको बौद्धिक, भावनात्मक र शारीरिक विकासमा समेत वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

महानिरीक्षक अर्यालले फुटबल खेलमा रुचि राख्ने सम्पूर्ण बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू र सर्वसाधारणका सन्ततीहरुलाई अनुभवी प्रशिक्षकद्वारा प्रशिक्षण गराई उत्कृष्ट खेलाडी तयार पार्न ग्रासरुट फुटबल प्रशिक्षण कार्य सफल हुने बताउनुहुँदै यस किसिमका कार्यक्रमले सशस्त्र प्रहरी बल नेपाल र आम जनमानसमा समन्वयात्मक भावना बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

ग्रासरुट फुटबल प्रशिक्षणमा बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरूका सन्तति १ सय २९ जना, अमर तथा अवकाशप्राप्त सशस्त्र प्रहरीका सन्तति ४ जना र सर्वसाधारण नागरिकको सन्तति १ सय ३५ गरी कुल २ सय ६८ जना सहभागी रहेका छन् ।

## नेपाली सेनासँग मैत्रीपूर्ण हक्की खेल सम्पन्न



नं. १९ बगलामुखी विशेष कार्यदल गण हल्चोक काठमाडौंमा पुस ६ गते सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाबीच मैत्रीपूर्ण हक्की खेल सम्पन्न भएको छ ।

निकट भविष्यमा सञ्चालन हुन गइरहेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको हक्की विधामा सशस्त्र प्रहरी बल नेपालका खेलाडीहरूलाई पनि सहभागी गराउने उद्देश्यले देशभरका इकाईहरूबाट खेलाडी छनौट गरी गत साउन १७ गतेदेखि नं. १९ बगलामुखी विशेष कार्यदल गणमा हक्की खेल प्रशिक्षण कार्य भइरहेको छ । कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामा, संघका पदाधिकारी, नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालका सिनियर अधिकृत, जुनियर अधिकृत तथा बिल्लादार जवानहरूको उपस्थिति रहेको थियो ।

## बक्सिङ रिङ उद्घाटन

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रधान कार्यालय परिसरमा नवनिर्मित बक्सिङ रिङको पुस १३ गते उद्घाटन गर्नुभएको छ । बक्सिङ विधाका खेलाडीहरूको सहजताका लागि नेपाल एपीएफ बक्सिङ बेसिक ट्रेनिङ रिङको निर्माण गरिएको हो ।



## मैत्रीपूर्ण भलिबल प्रतियोगिता





पुस १० गते भारतको महाराजगंज जिल्लाको भगवानपुर ग्रामपञ्चायत स्थित SSB Bn 22 E Coy Bhagwanpur मा संचालन भएको मैत्रीपूर्ण भलिबल खेलमा बिओपी पजरकट्टी रुपन्देही ३-२ को अन्तरले विजयी भएको छ ।

यसैगरी पुस १५ गते भारतको श्रावस्ती सुहेलवा ग्राम पञ्चायत स्थित भारतीय सशस्त्र सीमा बल SSB 62 Bn A Coy भैसाही र बिओपी भैसाही दाङबीच मैत्रीपूर्ण भलिबल खेल सम्पन्न भएको छ ।





भारतको उत्तर प्रदेश जिल्ला बहराईच सहजन ग्रामसभा निबियास्थित भारतीय सशस्त्र सीमा बलको बीओपी निबिया र बीओपी कालाबन्जार बाँकेबीच मैत्रीपूर्ण भलिबल खेल सम्पन्न भएको छ ।

यसैगरी भारतको उत्तर प्रदेश जिल्ला श्रावस्ति जमुनाह ग्रामपंचायतमा बीओपी गंगापुर बाँके र भारतीय सशस्त्र सीमा बलको बीओपी जमुनाह बीच मैत्रीपूर्ण भलिबल खेल सम्पन्न भएको छ ।

## रक्तदान



**२४ औं सशस्त्र प्रहरी दिवस २०८१ को अवसरमा पुस २६ गते नेपाल एपीएफ अस्पतालको सहकार्यमा रक्तदान गर्दै नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय तथा मातहतको सुरक्षा फौज ।**



**२४औं सशस्त्र प्रहरी दिवस २०८१ को उपलक्ष्यमा पुस २८ गते रक्तदान गर्दै नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली र मातहतको सुरक्षा फौज ।**



**२४औं सशस्त्र प्रहरी दिवसको अवसर पारेर सुनसरी जिल्लाको ईनरुवा नगरपालिका-१ स्थित महानन्द पार्कमा पुस २४ गते रक्तदान गर्दै नं. ४ गण सुनसरी र गण मातहतको सुरक्षा फौज ।**




**२४औं सशस्त्र प्रहरी दिवस २०८१ को उपलक्ष्यमा पुस २० गते रक्तदान गर्दै नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुर र मातहतको सुरक्षा फौज ।**

# 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम

## नि:शुल्क स्वास्थ्य शिविर



'२४औं सशस्त्र प्रहरी दिवस २०८१' को अवसर पारेर **नं. ४४ गण दार्चुला**ले पुस ७ गते नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

**वैद्यनाथ फिल्ड अस्पताल अत्तरिया कैलाली** तथा न्युरो कार्डियो एन्ड मल्टी स्पेस्यालिटी अस्पताल प्रा.लि. विराटनगरका चिकित्सक र सोही गणको मेडिकल टोलीको समन्वयमा सञ्चालन भएको स्वास्थ्य शिविरमा सीमा इलाकामा बस्ने १ सय ८८ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो ।



यसैगरी **मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल नेपाल अस्पताल नौबस्ता बाँके**को सहकार्य तथा नं. ३० बागेश्वरी गण बाँकेको आयोजना र बाँके जिल्लाको डुडुवा गाउँपालिकाको समन्वयमा सोही गाउँपालिका-१ पिप्रहवास्थित श्री जनता माध्यमिक विद्यालयको प्रांगणमा पुस ६ गते एक दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । स्वास्थ्य शिविरमा करिब ३ सय जना स्थानीय बासिन्दाहरूले स्वास्थ्य परीक्षण गराएका थिए ।



यसैगरी **नं. ३१ गण बर्दिया**को आयोजना र मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल नेपाल अस्पताल नौवस्ता बाँकेको सहकार्यमा बर्दिया जिल्लाको गुलरिया नगरपालिका-११ मा अवस्थित श्री हिमालय आधारभूत विद्यालय लालपुरमा पुस ५ गते नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । स्वास्थ्य शिविरबाट करिब ४ सय ५० जना स्थानीय बासिन्दाहरूको स्वास्थ्य जाँचको लाभ लिएका छन् ।




यसैगरी बारा जिल्लाको विश्रामपुर गाउँपालिका-३ मुसहर्वास्थित विश्रामपुरमा पुस २० गते नि:शुल्क आँखा शिविर संचालन गरिएको छ ।

**नं. १२ गण बारा**ले विश्रामपुर गाउँपालिका बाराको संयुक्त आयोजनामा वीरगंज सामुदायिक आँखा केन्द्रको समन्वय र सहकार्यमा सीमावासीका करीव १ सय ५० जनाको नि:शुल्क आँखा परिक्षण गरेको हो ।



त्यस्तै रुपन्देही जिल्लाको लुम्बिनी साँस्कृतिक नगरपालिका-१३ स्थित कारिदह आधारभूत विद्यालयमा पुस १३ गते एक दिने नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिएको छ ।

**नं. २७ गण रुपन्देही** र रोटरी क्लब अफ भैरहवाको संयुक्त आयोजनामा स्वास्थ्य शिविर संचालन गरिएको हो ।



त्यस्तै सीमाबासीहरुको स्वास्थ्य सुविधाको लागि नि:शुल्क स्वास्थ्य शिविर पश्चिम जिल्लाको जिल्ला समन्वय समिती नवलपरासीका प्रमुख भगौती यादवको प्रमुख आतिथ्यमा संचालन भएको थियो ।

**नं. २६ गण पश्चिम नवलपरासी**, देवदह मेडिकल कलेज र Lions Club of Butwal Subharambha को संयुक्त आयोजनामा सोही जिल्लाको सुस्ता गाउँपालिका ५ पकलिहवास्थित दिपक माध्यमिक विद्यालयको प्राङ्गणमा भएको स्वास्थ्य शिविरमा विशेषज्ञ चिकित्सकहरुद्धारा जनरल फिजिसियन, प्रसुती तथा महिला, छालारोग हाडरोग, नसारोग र दाँत सम्बन्धी चेकजाँच तथा परिक्षण गरिएको थियो ।



दाङ जिल्लाको राजपुर गाउँपालिका ६ खाँग्रानाकास्थित एकिकृत सेवा ईकाइको परिसरमा पुस ६ देखि ७ गतेसम्म संचालन भएको २ दिने नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

**नं. ४१ रिजर्भ गण चन्द्रौटा कपिलबस्तु** र सोही गाउँपालिकाको संयुक्त आयोजनामा संचालन भएको स्वास्थ्य शिविरमा २ सय ४५ जना सर्वसाधारणहरुको नि:शुल्क स्वास्थ्य परिक्षण र औषधी वितरण गरिएको थियो ।



यसैगरी सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका-३ लार्चास्थित सीमा ईलाकामा पुस ४ गते एक दिने स्वास्थ्य शिविर संचालन गरिएको छ । **नं. १६ गण सिन्धुपाल्चोक**ले उक्त शिविरको आयोजना गरेको हो । शिविरमा २ सय १९ जनाको स्वास्थ्य परिक्षण गरिएको थियो ।



त्यसैगरी **नं. ४ गण सुनसरी**को आयोजना, सप्तकोशी न्यूरो अस्पताल र रामलाल गोल्छा अस्पताल विराटनगरको सहयोग तथा सुनसरी जिल्लाको भोक्राहा गाउँपालिका चिरौलीको समन्वयमा पुस २६ गते सोही गाउँपालिका-२ स्थित श्री आधारभूत विद्यालय अकाहको प्राङ्गणमा एक दिने नि:शुल्क स्वास्थ्य शिविर संचालन गरेको छ । करीब ४ सय जना स्थानीयवासीहरुको स्वास्थ्य परिक्षण गरिएको थियो ।



## शैक्षिक सामाग्री वितरण



**नं. २ हिमशिखर गुल्म**ले पुस ५ गते पाँचथर जिल्लाको फिदिम नगरपालिका-४ स्थित श्री सुखबोध माध्यमिक विद्यालयमा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरूलाई लत्ताकपडा तथा शैक्षिक सामाग्री वितरण गर्नुका साथै विभिन्न विषयमा जनचेतनामूलक कक्षा सञ्चालन गरेको छ ।



त्यसैगरी पुस १७ गते सोही गुल्मले पाँचथर जिल्लाको फिदिम नगरपालिका-४ स्थित श्री गढी माध्यमिक विद्यालयका दृष्टिविहीन छात्रछात्राहरूलाई शैक्षिक सामाग्री वितरण गरेको छ ।



बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिका-८ स्थित श्री भगवती आधारभूत विद्यालयका छात्रछात्राहरूलाई पुस १९ गते शैक्षिक सामाग्री वितरण गरिएको छ ।

**नं.४२ रिजर्भ गण बाँके**बाट सशस्त्र प्रहरी नायव उपरीक्षक छविलाल रावतको टोलीले उक्त विद्यालयमा अध्ययनरत १ सय ३२ जना छात्रछात्राहरूलाई शैक्षिक सामाग्री वितरण गरेको हो । कार्यक्रममा स्थानीय जनप्रनिधिहरुको समेत उपस्थिति रहेको थियो ।



बाँके जिल्लाको नरैनापुर गाउँपालिका-४ घोरदौरीयास्थित राष्ट्रिय आधारभूत विद्यालयका करीब २ सय जना विद्यार्थीहरुलाई पुस २५ गते शैक्षिक सामाग्री वितरण गरिएको छ । **नं. ३० गण बाँके**को आयोजना तथा सोही गाँउपालिकाका अध्यक्षको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सोही गणका गणपति, प्रस्तावित सीमा सुरक्षा गुल्म नरैनापुर बाँकेका गुल्मपति तथा स्थानीय भद्रभलाद्मीहरुको उपस्थिती रहेको थियो ।



**सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत शैक्षिक सामाग्री वितरण गर्दै नं. ४५ गुल्म मुगु ।**

# 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम

## घर हस्तान्तरण




पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका-५ लुधिनस्थित वृद्धका चौथमान तामाङलाई सशस्त्र प्रहरीले पुस १८ गते घर हस्तान्तरण गरेको छ । **नं. २ हिमशिखर गुल्म पाँचथर**ले स्थानीय तहसँग समन्वय गरी निर्माण गरिएको घर उनलाई हस्तान्तरण गरेको हो । उनी उक्त स्थानका आर्थिक अवस्था कमजोर तथा विपद् पीडित बासिन्दा हुन् ।

## केशकर्तक क्षमता अभिबृद्धि तालिम संचालन



सीमा क्षेत्रमा विकास कार्यक्रम अन्तर्गत ईलाम जिल्लाको सुर्योदय नगरपालिका-२ पशुपतिबजारस्थित अरहब बाबु हेयर कट सैलुनमा १० दिने केशकर्तक क्षमता अधिवृद्धि तालिम सम्पन्न भएको छ । **प्रस्तावित सीमा सुरक्षा गुल्म**को आयोजना र सोही नगरपालिकासँगको समन्वयमा सम्पन्न भएको थियो ।

यसैगरी पूर्व नवलपरासी जिल्लाको विनयी त्रिवेणी गाउँपालिका-६ र ७ का स्थानीय बासिन्दाहरुलाई लक्षित गरी केशकर्तक तालिम संचालन गरिएको छ । **बीओपी त्रिवेणी**ले सोही स्थानमा १० जनालाई केशकर्तक तालिम गराएको थियो ।





त्यस्तै दाङ जिल्लाको गढवा गाउँपालिका-८ कोइलाबास स्थित **प्रस्तावित सीमा सुरक्षा गुल्म कोईलाबास** दाङको प्राङगणमा केशकर्तक तालिम सम्पन्न भएको छ ।

## सीमा अपराध नियन्त्रण सम्बन्धी छलफल तथा अन्तरक्रिया

**नं. २ गण झापा**ले पुस ९ गते सीमावर्ती वडाका वडाअध्यक्ष तथा प्रतिनिधिहरुसँग सीमा सुरक्षाको महत्व तथा सीमा अपराध नियन्त्रण सम्बन्धी विस्तृत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



## डकर्मी तालिम



सीमाबासी लक्षित (BADP) कार्यक्रम अन्तर्गत भारतीय सीमासँग जोडिएका बर्दिया जिल्लाको गुलरिया नगरपालिकाका स्थानीय बासिन्दाहरुलाई **नं. ३१ गण बर्दिया**को आयोजना र स्किल ट्रेनिङ एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि. बाँकेको प्राविधिक सहयोगमा डकर्मी (गाह्रो लगाउने) तालिम संचालन भएको छ ।

## चापाकल निर्माण



सिरहा जिल्लाको भगवानपुर गाउँपालिका-४ ठाडीस्थित सीमा ईलाकामा पुस ७ गते चापाकल निर्माण गरिएको छ । **प्रस्तावित सीमा सुरक्षा गुल्म ईनर्वा**ले नेपाल भारत आवतजावत गर्ने नागरिकहरुलाई खानेपानी व्यवस्थापनको लागि चापाकल निर्माण गरेको हो ।

## ब्ल्याङ्केट वितरण



सप्तरी जिल्लाको तिलाठी गाउँपालिका-१ बेल्हीस्थित सीमा इलाकामा बसोबास गर्ने विपन्न र असहाय घर परिवारलाई पुस १५ गते **नं. ६ गण सप्तरी**ले सय थान ब्ल्याङ्केट वितरण गरेको छ ।

# उद्धार/विविध

## खोँचमा खसेका व्यक्तिको जीवितै उद्धार

कास्की जिल्लाको पोखरा महानगरपालिका-९ पार्वती टोलस्थित खोँचमा खसेका व्यक्तिको पुस ११ गते सशस्त्र प्रहरीले जीवितै उद्धार गरेको छ ।

पोखरा महानगरपालिका-९ पार्वती टोल बस्ने वर्ष ६१ को उजुरबहादुर पुन घर नजिकै धाँजा फाटेर बनेको खोँचमा करिब १५ मिटर तल खसेका थिए । घटनाबारे जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नं. २४ कालिका गण कास्कीबाट सशस्त्र प्रहरी निरीक्षक दीपेन्द्र विष्टको कमान्डमा खटिएको विपद् व्यवस्थापन तालिम प्राप्त टोलीले उनको रोप रेस्क्यु विधिबाट जीवितै उद्धार गरेको हो ।





**काठमाडौं जिल्लाको टोखा नगरपालिका-६ धापासीमा पुस ४ गते विद्युतीय तार सर्ट भई भएको आगलागी नियन्त्रण गर्दै नं. २० विपद् उद्धार गण सिनामंगलको सुरक्षा फौज ।**



**काठमाण्डौं जिल्लाको कागेश्वारी मनोहरा नगरपालिका-५ स्थित गोकर्ण रिसोर्टको क्यान्टिनमा भएको आगलागी नियन्त्रण गर्दै सुरक्षा बेस वारुण यन्त्र रामहिटीको सुरक्षा फौज ।**

## हुम्लाको नारालेकमा फसेका चिनिया नागरिकको उद्धार

हुम्ला जिल्लाको नाम्खा गाउँपालिका-५ स्थित नारालेकमा फसेका ५ जना चिनीया नागरिकको पुस २४ गते सकुशल उद्धार गरिएको छ ।

हुम्लाको हिल्साबाट दुई वटा गाडीमा चीनतर्फ जाँदै गरेका उनीहरु अत्याधिक चिसोको कारण गाडीको स्टाट बन्द भई सोही ठाउँमा फसेका थिए । सो बारे जानकारी पाउनासाथ बिओपी हिल्सा र ईलाका प्रहरी कार्यालय हिल्साबाट खटिएको सुरक्षा फौजले उनीहरुलाई सकुशल उद्धार गरेको हो ।





**पाल्पा जिल्लाको तानसेन नगरपालिका-१ राईडाँडामा पुस १२ गते भएको आगलागी नियन्त्रण गर्दै नं. ३५ गुल्मको सुरक्षा फौज ।**



**सप्तरी जिल्लाको शम्भुनाथ नगरपालिका-७ भङ्गहा टोलमा भएको आलागि नियन्त्रण गर्दै सुरक्षा बेस शम्भुनाथको सुरक्षा फौज ।**

## सिमुलेशन अभ्यास



पुस १८ गते नं. ३६ गुल्म अर्घाखाँचीको सुरक्षा फौजले अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिका-१ स्थित लदाममा भूकम्प सम्बन्धी सिमुलेशन अभ्यास संचालन गरेको छ ।



सिरहा जिल्लाको सिरहा नगरपालिका-१९ सन्हैठामा भूकम्प सम्बन्धी सिमुलेशन अभ्यास गर्दै नं. ७ गण सिरहाको सुरक्षा फौज ।

## लागूऔषधसहित व्यक्ति नियन्त्रणमा



पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-१६ भन्सार इलाकाबाट पुस १५ गते विभिन्न किसिमका लागूऔषधसहित एक जनालाई नियन्त्रणमा लिइएको छ । सोही जिल्लाको बहुदरमाई गाउँपालिका-३ नगरदाहा बस्ने अन्दाजी ३६ वर्षीय युवकलाई प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जले नियन्त्रणमा लिएको हो ।

भारतबाट पैदल आउँदै गरेका उनले टाउकोमा बोकी ल्याउँदै गरेको हरियो खुर्सानीको बोराभित्र लुकाई छिपाई राखेको डाइजापाम ४ सय ९० एम्पुल, बुप्रेनोर्फिन ४ सय ९९ एम्पुल, नोफिन २ सय ९७ एम्पुल र प्रोमाथाजिन हाइड्रोक्लोराइड इन्जेक्सन ४ सय ९७ एम्पुल फेला पारेको हो । नियन्त्रणमा लिइएका उनलाई बरामद लागूऔषधसहित आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

## पुस महिनाको बरामदी विवरण

**बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बीओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण**

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १ | इलाम | २१७१००० |
| २ | झापा | ८७५४८१४ |
| ३ | मोरङ | ५५४४९१२ |
| ४ | सुनसरी | ७१६८२९८ |
| ५ | उदयपुर | २१३००० |
| ६ | सप्तरी | ३०३९७७९ |
| ७ | सिराहा | ५१६२१७१ |
| ८ | धनुषा | ४०३१८७८ |
| ९ | महोत्तरी | ५७३५९३२ |
| १० | सर्लाही | २८३२९८१ |
| ११ | रौतहट | ६३९८४५१ |
| १२ | बारा | १८७५७५० |
| १३ | पर्सा | १५५०३९५६ |
| १४ | चितवन | ५९६०० |

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १५ | मकवानपुर | २१५६० |
| १६ | सिन्धुपाल्चोक | ४५६४५० |
| १७ | रसुवा | ८१२०७० |
| १८ | प.नवलपरासी | ११६०१६५ |
| १९ | रुपन्देही | ९५४२५३४ |
| २० | कपिलबस्तु | १३६९३२८ |
| २१ | दाङ | ३७५१०० |
| २२ | बाँके | ४१३८०२३ |
| २३ | बर्दिया | १९७३५९६ |
| २४ | कैलाली | १०६६४१७३ |
| २५ | बैतडी | ३५७५० |
| २६ | कन्चनपुर | १०१२७०५९ |
| २७ | डडेल्धुरा | ३५७४० |
| जम्मा | | १०९२०४०७० |

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

## स्थापना दिवस

### नं. २८ गण कपिलवस्तु



नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक कमलप्रसाद तिउसिनाको प्रमुख आतिथ्यमा नं. २८ गण कपिलवस्तुको १८औँ स्थापना दिवस पुस १५ गते सम्पन्न भएको छ ।

### नं. ३७ गुल्म गुल्मी



नं. ३७ गुल्म गुल्मीको ११औं स्थापना दिवस नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदीपकुमार पालको प्रमुख आतिथ्यमा नं. २८ गण कपिलवस्तुको पुस ५ गते सम्पन्न भएको छ ।

### आश्रित गुल्म रामेछाप



आश्रित गुल्म रामेछापको १६औं स्थापना दिवस नं.३ गढिमाई बाहिनी मुख्यालय मकवानपुरका सहायक बाहिनीपति सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक तिर्थराज पौडेलको प्रमुख अतिथ्यतामा पुस २४ गते सम्पन्न भएको छ ।

## स.प्र.नि. स्व. बिजय तुलाधरको सम्झनामा स्मृती वाटिका

सशस्त्र प्रहरी निरीक्षक स्व. बिजय तुलाधरको सम्झनामा सर्लाहीस्थित बीओपी छतौना परिसरमा स्मृती वाटिका निर्माण गरिएको छ । स्व. तुलाधरको तेह्रौ दिनको पुण्यतिथिमा नवनिर्मित स्मृतीको वाटिकाको सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले पुस २८ गते उद्घाटन गर्नुभएको हो ।

### हार्दिक श्रद्धाञ्जलि



जन्म २०४० ।०१ ।१३ — स्वर्गारोहण २०८१ ।०९ ।१६

**सशस्त्र प्रहरी निरीक्षक स्व. बिजयकुमार तुलाधर**

नं. १० गण सर्लाही दरबन्दी भई बीओपी छतौना, सर्लाहीमा प्रमुखको रुपमा कार्यरत सशस्त्र प्रहरी निरीक्षक बिजयकुमार तुलाधरको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

कार्यक्रममा बलरा नगरपालिकाका प्रमुख रामशंकर प्रसद कुशवाहा, रामनगर गाउँपालिका अध्यक्ष राजबाबु यादव लगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु र उपस्थित सम्पूर्णले स्व. तुलाधरको स्मृती वाटिकामा माल्यअर्पण गरेका थिए ।

पुस १६ गते ड्युटीमै रहेको बेला बीओपी



छतौनाको गेट अगाडी बस पल्टिदा सोही बसले च्यापिएर उनको निधन भएको थियो । काठमाडौ घर भएका तुलाधर २०६० साल भाद्र २२ गते सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा सेवा प्रवेश गरेका थिए ।

# जनचेतनामूलक कार्यक्रम



मोरङ जिल्लाको रतुवामाई नगरपालिका-५ मुनालपथस्थित मुनाल आदर्श विद्या सदन विद्यालयमा अध्ययनरत ४० जना विद्यार्थीहरुलाई सुरक्षा बेस सौठाले पुस १८ गते लागूऔषध दुरुपयोग तथा अबैध ओसारपसार विरुद्ध जनचेतनामूलक कक्षा संचालन गरेको छ।



पुस १० गते नं. २८ गण कपिलबस्तु र यु.एम.एनको सहयोग तथा दलित सामाजिक विकास केन्द्र कपिलबस्तुको आयोजनामा विपद् जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गरेको छ।

कपिलबस्तु जिल्लाको यशोधरा गाउँपालिका-२ स्थित सोनवर्षी विचली भडेहर र पूर्वी भडेहरका अन्दाजी १ सय ९० जना स्थानीय बासीहरुलाई सिलिण्डरबाट लाग्ने आगो निभाउने, शितलहर र प्राथमिक उपचार सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गरिएको हो।



उदयपुर जिल्लाको बेलका नगरपालिका-६ स्थित श्री जाल्पा आधारभूत विद्यालयमा अध्ययनरत अन्दाजी ४० जना विद्यार्थीहरुलाई सुरक्षा बेस रामपुरले पुस १४ गते शितलहर सम्बन्धी जनचेतनामुलक कक्षा संचालन गरेको छ।



पुस १४ गते बिओपी भिल्मी कपिलबस्तुले २४औं सशस्त्र प्रहरी दिवसको अवसरमा कपिलबस्तु जिल्लाको कृष्णनगर नगरपालिका-६ स्थित श्री जनता माध्यमिक विद्यालयमा अध्ययनरत ४५ जना छात्रछात्राहरुलाई शितलहर सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गरेको छ।



पुस १२ गते बिओपी छब्बिसेले ईलाम जिल्लाको सुर्योदय नगरपालिका-४ स्थित छब्बिसे बजारका स्थानीय सीमाबासीहरुलाई भूकम्प सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरेको छ।



सिरहा जिल्लाको भगवानपुर गाउँपालिका-१ स्थित श्री बाला सुन्दरी माध्यमिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरुलाई लागूऔषध दुर्व्यसन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गर्दै प्रस्तावित सीमा सुरक्षा गुल्म इनर्वा।

# स.प्र.बल, नेपाल इकाई परिचय

## नं. २ गण झापा

सशस्त्र प्रहरी बल, नेपालले शान्ति सुरक्षा कायम गर्न नेपाल राज्यको बिभिन्न क्षेत्रहरुमा आफ्नो इकाइहरु स्थापना गर्दै लैजाने क्रममा झापा जिल्लाको भद्रपुर नगरपालिका-८ शान्तिटोलस्थित ४ बिगाहा १४ कट्ठा जग्गामा भौतिक संरचना निर्माण भई २०६४ जेठ ८ गते तत्कालिन सशस्त्र प्रहरी बल, सीमा सुरक्षा कार्यालय झापाको नाममा स्थापना भएको थियो।

समयसापेक्ष २०७५ साल साउन १३ गतेदेखि सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापामा स्तरोन्नती भई जिल्लास्थित शान्ति सुरक्षा अमन चयन कायम राख्न, आपतविपद्मा परेका नागरिकहरुको सेवा




सहयोग तथा उद्धार गर्न, सीमा इलाकाबाट हुनसक्ने अवैध क्रियाकलाप तथा चोरीनिकासी पैठारी रोक्न गण र मातहत युनिटहरु सकृय भएर कार्य गर्दै आइरहेका छन्। गण मातहत ४ वटा (प्रस्तावित) सीमा सुरक्षा गुल्म, १७ वटा बीओपी र ६ वटा सुरक्षा बेसहरु गरी २८ वटा युनिटहरु परिचालित छन्।



सप्रउ कविन्द्र राई
गणपति

### हालसम्मका गणपतिहरू

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | सप्रउ | रमेशकुमार थक्सू | २०७५।०४।१३ | २०७७।०४।१५ |
| २. | सप्रउ | रमेशकुमार पाण्डे | २०७७।०४।१६ | २०७८।०९।२८ |
| ३. | सप्रउ | प्रदिपसिंह कार्की | २०७८।०९।२९ | २०७९।१०।१६ |
| ४. | सप्रउ | देवराज अर्याल | २०७९।१०।१७ | २०८०।११।०६ |
| ५. | सप्रउ | कविन्द्र राई | २०८०।११।०७ | हाल सम्म |

### पाँच बर्ष अवधिको बरामदी विवरण

| सि.नं. | आ.व. | रकम रू. |
|---|---|---|
| १. | २०७७।०७८ | रु. ४,५७,९५,७५३/- |
| २. | २०७८।०७९ | रु. ४,२२,६१,०३८/- |
| ३. | २०७९।०८० | रु. ६,८१,१७,२१०/- |
| ४. | २०८०।०८१ | रु. ११,३३,१७,४७४/- |
| ५. | २०८१।०८२ | रु. ६,८५,२९,८१४/- पुस मसान्तसम्म |









# लेख/रचना/विविध

## Chain of command (आदेशको श्रृखला)



सशस्त्र प्रहरी सहायक निरीक्षक
**रुद्रबहादुर घिमिरे**

साधारणतया चेन भन्नाले साङलो वा जंजिर भन्ने वुझाउँछ, जसरी एउटा साङलोमा अनगिन्ति कडीहरुको मिश्रण र समान हैसियतले एकआपसमा बाधिएर साङलो निर्माण भएको हुन्छ, त्यसैगरी सुरक्षा निकायमा पनि हरेक सदस्यबीच एकआपसमा पारस्परीक सम्बन्ध स्थापित भई नेपाल सरकारवाट प्राप्त म्याण्डेटलाई अनुशासित, मर्यादित ढंगवाट सम्पादन गर्न सशस्त्र प्रहरी बल नेपालले राष्ट्र, राष्ट्रियता, सार्वभौम नेपाली जनतालाई सुशासन र शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन प्रचलित कानूनद्वारा प्राप्त अधिकारको पूर्ण पालना गर्दै कानून नीति नियम तथा निर्देशनहरुलाई तर्तिबार पालना गर्ने गराउने नियमित प्रकृया नै Chain of command (आदेशको श्रृखला) हो ।

सशस्त्र प्रहरी बल नेपालले आदेशको श्रृखला परिपालना गर्नको लागि कूल दरबन्दीलाई सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, बिभागहरु, बाहिनी, गण, गुल्म, बीओपी तथा सुरक्षा बेस स्थापना गरिएका छन् भने नेपाल सरकारबाट प्राप्त म्याण्डेटको आधारमा प्रधान कार्यालयबाट क्रमश: निर्देशन आउने गर्दछ र बीओपी तथा बेसस्तरका हरेक जवानहरु समक्ष पुग्ने गर्दछ भने सानो कार्यालयहरुबाट सम्पादन गरिएका कार्यहरु तर्तिवार रुपमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय मार्फत नेपाल सरकार समक्ष आदनप्रदान गरिने प्रकिया नै चेन अफ कमाण्ड हो ।

जसरी साङलोको एउटा कडीले कुनैपनि काम गर्न सक्दैन उसैगरी चेन अफ कमाण्ड बिनाको सुरक्षाकर्मीको हरेक काम कारबाही असफल हुने कुरामा दुईमत छैन । चेन अफ कमाण्ड बिनाको सुरक्षाकर्मी कुहिरोको काग बन्दछन् भने यसले उदेश्यहिन, गतिहिन, दिशाहिन बनाई सुरक्षा फौजको अस्तित्व माथि नै प्रश्न चिन्ह उठ्न सक्छ । सुरक्षा फौज असफल हुनसक्ने खतरा पनि उतिकै हुन्छ । चेन अफ कमाण्ड नभएको राज्यमा ठूलाठूला द्वन्द्वसमेत निम्तिएका छन्, आन्तरिक किचलोमा फसेका समेत प्रशस्तै उदाहरण छन् ।

सामान्यतया सुरक्षा फौजलाई राजनैतिक हस्तक्षेप बाहिर राख्नु, नियमित पेशागत तालिम संचालन गर्नु, राज्यको प्रचलित कानून तर्तिवार तवरबाट कार्यान्वयन गर्नु गराउनु, बाहिरी भनसुन गर्ने कार्यलाई निरुत्साहित गर्नु, नियमित व्यावसायिक योजना तर्जुमा गर्नु, आदेशको श्रृखला प्रचलित कानुनसँग बाझिने छ वा छैन एकिन गर्नु दैनिक व्यावसायिक कामकारबाहीको अभ्यासलाई जारी राख्नु आदेशको श्रृखला भित्र रहनुहुन्छ ।

### Chain of command बाट कस्ता फाईदा हुन्छन् ।

(१) योजना तथा कार्यान्वयनको बारेमा सवैलाई जानकारी र ज्ञान ।

(२) आन्तरिक एकतामा सुदृढ ।

(३) नीति र प्रचलित कानुन वमोजिम भएनभएको जानकारी र तत्काल सुधार गरी कार्यान्वयन गर्ने सम्भावना ।

(४) नीति र विधिको पूर्ण पालना ।

(५) सु-संस्कारको विकास ।

(६) समतामूलक ।

(७) सवैमा उतिकै जवाफदेहिता ।

(८) अनुशासनको पूर्ण परिपालन ।

(९) आज्ञाकारिता ।

(१०) जवाफदेहिता ।

सुरक्षफौजको मेरुदण्ड नै चेन अफ कमाण्ड हुने भएकोले चेन अफ कमाण्ड विनाको सुरक्षा फौज अपाङ्ग सरह हो । विधिको शासनको राज्य र चेन अफ कमाण्ड बिनाको फौज वेतर्तिव, लगाम बिनाको घोडा सरह हो र हानिकारक हुन जान्छ ।

## कर्मठ सिपाही



सशस्त्र प्रहरी जवान
**विनोद जिरेल**

हावा जस्तो चलायमान, पर्वत जस्तो अडिग ।
जो थाक्दैन, हार्दैन, त्यही हो कर्मठ सिपाही ।
मातृभूमीको रक्षा नै उसको मेहनतको गहना ।
आफ्नो रगत र पसिनाले,
लेख्छ ऊ भविष्यको कथा ।

सूर्यले जलाए जति,छाँयाले छेकिए जति,
ऊ अघि बढ्छ अविरल,उसको लक्ष्य उच्चतम् ।
आँधीले रोक्न सकेन,वर्षाले थाम्न सकेन ।
सपना बोक्ने उसको साहस,
संसार बदल्ने उसको अभ्यास ।

कहिल्यै झुकेको छैन, आफ्नो आत्माको अगाडि ।
कर्म उसको धर्म हो, सपना उसको कर्म हो ।
थाक्दैन उ कहिल्यै, रमाउछ सधै प्रेरणाको स्रोतमा ।
साहसी भई अघि बढ्छ अविरल,
उसको लक्ष्य उच्चतम् ।
उसको लक्ष्य उच्चतम् ॥

## नियन्त्रक



सशस्त्र प्रहरी सहायक हवल्दार
**विष्णुराम भण्डारी**

कष्टमय जीवन पार गर्ने पर्‍यो यो धर्तीको आस
उम्लिएका होलान् थोपा आँसु कति मलाई चै नढाट
तिम्रो नै सेवक भएरै तत्काल मन भित्र सहन्छ
मिहिनेत गर्दछौं शान्ति आत्माको सन्तुलन रहन्छ ॥

आस्थाको शिखर चुम्नु सिकाउनु पालना दाता हौं
गर्छौं अनुभव सदैव भविष्य आफैं सृष्टि कर्ता हौं
आनन्दी महत्व समयको बुझ्ने सुरक्षा सेवक हौं
बाँच्ने स्वतन्त्र भै आधार चै हुन्छ आफैं सृजना गर्छौं ॥

त्याग नै भविष्यको बलिदान हो जिउनु पो छहारी
धैर्य कर्मठ विस्वासिलो रहनु हिड्नु हुन्न भौंतारी
कर्म नै ठूलो धन पो हो कर्मको महत्व बुझ्नुपर्छ
साहस हिम्मत आँट भित्र ठूलो शक्ति लुकेको हुन्छ ॥

पुर्खा संघर्षरत सृजनशील सफलता पाएर
हामीमा पनि के नै पो कम हुन्छ साँचो प्रेम लाएर
बाँच्नु बचाउनु प्रत्येक समस्या समाधान गर्नु कर्म
विकृति आवेश रिस राग सबै  नियन्त्रण नै धर्म ॥

## म हुँ बफादार सिपाही



सशस्त्र प्रहरी बरिष्ठ हवल्दार
**द्रोणबहादुर कुँवर**

राष्ट्रप्रेमी सिपाही म राष्ट्रभक्ति र जिम्मेवारी काँधमा छ ।
मेरो व्यक्तिगत समस्या थाँती राखी सिमानाको रक्षा गर्ने थप जिम्मेवारी छ ।
भोक, निद्रा, प्यास, तिर्खा सधैं थाँति राख्नु छ ।
पूर्व मेचीदेखि पश्चिम महाकालीको सिमानासम्म मेरो देशको सीमा पिल्लर बचाई राख्नु छ ।

राष्ट्रभक्ति बोकेर गोर्खे खुकुरी कम्मरमा राखी विश्वभरि चन्द्र सूर्य अंकित झण्डा फहराउँदै आएको सिपाही म,
म मरेर गए पनि म जस्तै कुशल छोरो राष्ट्रभक्ति बोकेर आउने छ ।

सिमाना रक्षार्थ अहोरात्र खटिएर मेरो देशको लागि प्राण त्याग्न तयार रहिरहनेछु ।
शान्ति भूमि मेरो देश नेपाल शान्तिका लागि मेरो एक थोपा रगत रहेसम्म सिमानाको पिल्लर जोगाइरहने छु ।
कठोर पन, कठोर मनले सीमा स्तम्भ बचाउन म लडिरहने छु ।
मेरो देश नेपाल बाँचेर म मरे नि मेरा वीर पुर्खाको रगत बचाउन भावि पुस्ता जन्मिरहने छ ।

पूर्वको मेचीदेखि पश्चिम महाकालीसम्म मेरो देशको सीमा स्तम्भ कसैले सार्न सक्दैन ।
जय नेपालको नारा मूल मन्त्र मेरो देशको राष्ट्र निर्माताको इतिहास कसैले भुल्न सक्दैन ।
राष्ट्रभक्ति बोकेर आएको सिपाही म राष्ट्रको चिनारी सीमा स्तम्भ बाँकी छ
राष्ट्रको लागि वफादार कुशल सिपाही म मरेर गए पनि मेरो देश बचाउने नेपाल आमाको गर्भमा जन्मिने भ्रूर्ण बाँकी छ ।

पश्चिम महाकाली स्तम्भ रक्षक सिपाहीले पूर्व मेचीसम्म नजर लगाई पहरेदारी गरिरहनेछ ।
नेपालको सीमा स्तम्भमा गिद्धे नजर लगाउनेहरु माथि धावा बोलिरहने छु ।
मेरो देशको सीमा स्तम्भ बचाउन अंग्रेज युद्ध पराजित गर्ने वीर अमर बलभद्रसहित किरा कमिलासहित नालापानी किल्ला साक्षि छ ।

मेरो देशको सिमाना मासिने छैन मेरो देशको सीमा स्तम्भ भासिने छैन ।
मेरो राष्ट्र माताले मेरो देशको सीमा स्तम्भ जोगाउने वीर सपुत जन्माउन अझै बाँकी छ ।
सीमा स्तम्भको जिम्मेवारी काँधमा मेरो राष्ट्र बचाउन बर्दी लाउँदाको सिन्दूरको कसम खाएको छु ।
राष्ट्र बचाउन अंगभंग भई शहादत प्राप्त गर्ने वीर योद्धाको रगत बचाउन म आएको छु ।

## हे वीर सहिद



सशस्त्र प्रहरी जवान
**संगीता भारती**

हे वीर सहिद पुनर्जन्म लिएर आईदेउ न
मरेको मान्छे ब्युझाउने अमृत पिएर आईदेउ न ।
देशको लागि माटोको लागि जीवन दान गर्‍यौ
हाँसेरै तिम्ले फाँसी नि चढ्यौ बीष पनि पान गर्‍यौ ॥

छातीमा गोली केहि नबोली थापेर देखायौ
विश्वको सामु नेपालको छुट्टै ईतिहास लेखायौ ।
जिउदैमा तिम्लाई बैरी ले पुर्दा खाडल खनेर
सपार्‍यौ रुख शिरमा तिम्ले देशभक्त बनेर ॥

बगायौ रगत सन्तती मेरा सुखी हुन भनेर
जिउन सकुन गौरवका साथ नेपाली बनेर ।
तिम्रै त्यो छवि झल्कने सन्तान चाहियाछ देशलाई
प्राण र सम्मान सदैव दिने माटो र भेषलाई ॥

तिमी झै निडर शाहसी युवा खाँचो छ देशलाई
आमाले पनि हाँसेरै स्वागत गर्नेछिन त्यसलाई ।
हे वीर सहिद पुनर्जन्म लिएर आईदेउ न
मरेको मान्छे ब्युझाउने अमृत पिएर आईदेउ न ॥

## मेरो देश हाँसी रहोस्



सशस्त्र प्रहरी सहायक निरीक्षक
**सेरबहादुर लिम्बु**

नेपाली हो यो मेरो मन

कहिले ढाट्दैन आफनो नेपालीपन

म हु गोर्खालीको छोरा

नेपाली हो मेरो जात

गर्नेछु सधै देशकै कुरा

कहिले गर्ने छैन देशलाई घात

सगरमाथा शिर यो

झुक्दैन कहिले पनि

भ्रष्टचार गरि लुट्ने छैन

अभावमा म भोकै रहे पनि

म नरहे पनि मेरो देश बाँची रहोस्

स्वर्ग जस्तो बनि मेरो देश हाँसी रहोस् ।



नं. १३ गण पर्साले सीमा ईलाकामा हुने चोरीपैठारी, अपराधिक क्रियाकलाप नियन्त्रण तथा सीमा स्तम्भ र आम नागरिकको सेवा र सुरक्षाको लागि जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा भारतीय काउन्टर पार्ट्ससँग समन्वय गरी जिम्मेवारी ईलाकामा बसोवास गर्ने नागरिकहरुलाई सुरक्षाको प्रत्याभूती दिलाउन संचालन गरिएको एलआरपी ।

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ, बरामद, उद्धार तथा
अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ देवराज अर्याल (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
**कम्प्युटर लेआउट:** सप्रबह मनोज कुँवर, **कम्प्युटर अपरेटर:** सप्रसह मिनबहादुर हौजाली मगर, सप्रज हरिबहादुर थापा, **तस्वीर:** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई